# गुराँस राजपत्र

## गुराँस गाउँपालिका द्वारा प्रकाशित

खण्ड १०     संख्या ८     मिति २०८३।०३।०५

भाग २


गुराँस गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

## गुराँस गाउँपालिका

## श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०२/२९**

**प्रमाणीकरण मितिः २०८३/०३/०१**

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८३/०३/०५**

गुराँस गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (५) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिका गाउँकार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि २०८३" रहनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८३ सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले गुराँस गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले गुराँस गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम गठित समिति बुझाउनेछ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ।

(छ) "सदस्य सचिव" भन्नाले गुराँस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ज) "आन्तरिक आय" भन्नाले गुराँस गाउँपालिकाको चालु आर्थियक वर्षमा आर्थिक ऐन अनुसार संकलित हुने रकम सम्झनुपर्छ।

(झ) "राजश्व बाँडफाँडबाट प्राप्त आय" भन्नाले नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट राजश्व वितरणबाट प्राप्त हुने आय सम्झनुपर्छ।

(ञ) "वित्तीय हस्तान्तरण" भन्नाले नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान सम्झनुपर्छ।

(ट) "आन्तरिक ऋण" भन्नाले गाउँपालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सिफारिसको सीमा भित्र रही गाउँसभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि लिइने ऋण सम्झनुपर्छ।

(ठ) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

## परिच्छेद २

## समितिको गठन, काम, कर्तव्य र अधिकार

३. समितिको गठनः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम समितिमा तल लेखिए बमोजिमको पदाधिकारी सदस्य रहनेछन्।

(क) संयोजक –गाउँपालिका अध्यक्ष

(ख) सदस्य – गाउँपालिका उपाध्यक्ष

(ग) सदस्य – वडा अध्यक्ष वा कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी गाउँपालिका अध्यक्षले तोकेको चार जना

(घ) सदस्य सचिव –प्रमुख प्रशासकीय अधिकृत

(२) गाउँपालिका अध्यक्षले सदस्य तोक्दा आफु सम्बद्ध राजनैतिक दल बाहेकको सदस्य समेत तोक्नुपर्नेछ। त्यस्तो सदस्य नभए यो प्रावधान लागु हुने छैन।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको तल लेखिए बमोजिम काम, कर्तव्य र अधिकार हुनेछः

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने।

५. बैठक सञ्चालनः

(क) समितिको बैठक बर्षमा बढीमा ६ पटक बस्नेछ। गाउँपालिका अध्यक्षले सदस्य सचिव मार्फत बैठक बोलाउने छन्।

(ख) बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(ग) बैठक संयोजकको अध्यक्षतामा बस्नेछ। बैठकमा ५० प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएपछि बैठक सञ्चालन हुनेछ। बैठकमा सदस्य सचिवले सम्भावित आयका प्रक्षेपण, दायित्व पेश गर्नेछन्।

(घ) समितिले आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको फाल्गुन महिनाबाट शुरू गरी वैशाख १० गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ। विशेष परिस्थितिमा गाउँसभा हुनुभन्दा न्यूनत्तम २० दिन अगावै कार्य सम्पन्न गर्न सकिनेछ।

(ङ) बजेट प्रक्षेपण गर्दा आगामी वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्नेछ।

(च) समितिले तयार गरेको आगामी वर्षको बजेट तयार भएको मितिले ५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाका शाखा, उपशाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ।

६. अनुमानित बजेट पेश गर्नुपर्नेः प्राप्त बजेटको सीमा भित्र रही विषयगत शाखा, उपशाखा तथा वडा समितिले गाउँपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी खाका प्राप्त भएका मितिले सामान्यतया ७ दिन भित्र समितिमा पेश गर्नुपर्नेछ।

७. बजेट तथा कार्यक्रम तर्जुमाः समितिले तयार गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित भई गुराँस गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ऐनको दफा ६७ बमोजिम उपाध्यक्षको संयोजकत्वमा गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ।

## परिच्छेद ३

## विविध

८. विविधः

(क) यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम हुनेछ। कुनै बाधा अड्चन सिर्जना भएमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(ख) यस कार्यविधि लागु हुनुभन्दा अगाडि समितिले गरेको काम कार्वाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(ग) प्रचलित ऐनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ।